प्रमुख प्रसासकीय अधिकृत ०९१-५६०११८
दमकल ०९१-५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८२/०८३ (सहकारी प्रबर्द्धन उपशाखा) मिति: २०८२/०५/२३

चलानी नं. ८२८ नेपाल सम्वत् :११४५

**विषय : कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध हुने सम्बन्धी सूचना ।**

श्री सहकारी संस्था लिमिटेड,
(टीकापुर नगरपालिकाको नियमन क्षेत्रभित्र पर्ने, सम्पूर्ण)
टीकापुर नगरपालिका, कैलाली ।

प्रस्तुत विषयमा सहकारी सहकारी ऐन,२०७४ (संशोधन सहित, २०८०) को दफा ७३ मा विवरण उपलब्ध गराउनु पर्ने ब्यवस्था बमोजिम उक्त दफाको उपदफा (१) मा उल्लेख भए बमोजिमका विवरणहरु तोकिएको समयावधि भित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नुपर्ने प्रावधान रहेको छ साथै सोहि दफाको उपदफा (१क) बमोजिम सहकारी संस्थाले उपदफा (१) बमोजिम पेश गर्नुपर्ने प्रतिवेदन विभागमा रहेको एकीकृत ब्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने ब्यवस्था समेत गरिएको छ ।

यस नगरपालिकाले नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई विभागमा रहेको एकीकृत ब्यवस्थापन सूचना प्रणालीमा (COPOMIS) प्रणालीमा आबद्ध हुन सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि समेत गरिएको भएता पनि कोपोमिस प्रणालीमा आवद्द भई नियमित रुपमा मासिक तथा वार्षिक प्रतिवेदन पेश गर्ने सहकारी संस्थाहरुको संख्या न्यून रहेको पाईएको हुँदा आ-आफ्नो सहकारी संस्थाको तोकिए बमोजिमका प्रतिवेदनहरु एकीकृत व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी पेश गर्नहुन जानकारी गराईन्छ साथै हाल सम्म (COPOMIS) सम्बन्धी तालिम प्राप्त नगरेका सहकारी संस्था (ब्यवस्थापक)हरुको हकमा ७ दिन भित्र नगरपालिकामा सहकारी संस्थाको आधिकारीक पत्र सहित जानकारी/सम्पर्क गर्न हुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

........................ २०८२।५।२३

लक्ष्मी औड
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत